निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मितिः २०८२/०७/३०

ने. सं.: ११४६ कछलागा १२ आइतबार

## प्रेस विज्ञप्ति

**(राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम प्रकाशन गरिएको)**

संवत् २०८२ माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि निर्वाचन कार्यक्रम आयोगको वेबसाइट www.election.gov.np मा र नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी आयोगको मिति २०८२ कार्तिक ३० गतेको बैठकबाट निर्णय भएको छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार संवत् २०८२ पौष १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म मतदाता नामावली प्रकाशन हुनेछ भने मतदाता नामावली उपरको दाबी विरोध तथा निवेदन/उजुरी माथि छानबिन गरी पौष २२ गते ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ।

पौष २३ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, पौष २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, पौष २७ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि २:०० बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ। पौष २८ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिन्ह सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रदान गरिने छ।

संवत् २०८२ माघ ११ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने गरी तोकिएको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

(नारायण प्रसाद भट्टराई)
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८२

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ दफा ६ तथा राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित

# निर्वाचन कार्यक्रम

| क.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८२-०९-१९ | | १०.०० | ११.०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | दावी विरोधको उजूरी दिने (प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने समेत) | २०८२-०९-१९ | २०८२-०९-२० | ११.०० २०८२-०९-१९ | १६.०० २०८२-०९-२० | ऐ.ऐ |
| ३ | निवेदन तथा उजूरी उपर छानविन र कारवाही गर्ने | २०८२-०९-२१ | २०८२-०९-२२ | १०.०० २०८२-०९-२१ | १५.०० २०८२-०९-२२ | ऐ.ऐ |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८२-०९-२२ | | १५.०० | १६.०० | ऐ.ऐ |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२-०९-२३ | | १०.०० | १५.०० | ऐ.ऐ |
| ६ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०८२-०९-२३ | | १५.०० | १६.०० | ऐ.ऐ |
| ७ | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०८२-०९-२४ | | १०.०० | १६.०० | ऐ.ऐ |
| ८ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०८२-०९-२५ | २०८२-०९-२६ | १०.०० २०८२-०९-२५ | १५.०० २०८२-०९-२६ | ऐ.ऐ |
| ९ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०८२-०९-२६ | | १५.०० | १६.०० | ऐ.ऐ |

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १० | उम्मेदवारले  नाम फिर्ता लिने | २०८२-०९-२७ | | १०.०० | १३.०० | ऐ.ऐ |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२-०९-२७ | | १३.०० | १४.०० | ऐ.ऐ |
| १२ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०८२-०९-२८ | | १०.०० | १३.०० | ऐ.ऐ |
| १३ | मतदान गर्ने | २०८२-१०-११ | | ९.०० | १५.०० | तोकिएको मतदान केन्द्र |

**द्रष्टव्य**

- √ क्रम सङ्ख्या १ बमोजिमको  मतदाता नामावली आयोगको वेवसाइट www.election.gov.np मा समेत प्रकाशन गरिने छ।
- √ प्रचार प्रसार निषेध अवधि मतदान सुरू हुने दिनभन्दा ४८ घण्टा भन्दा अगाडि अर्थात् २०८२ माघ ८ गते राति १२:०० बजेदेखि लागू हुनेछ।
- √ मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरू गरिनेछ।  मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ।
- √ मिति २०८२/१०/११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्ति र मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुने व्यक्ति प्रचलित कानून बमोजिम फरक फरक हुनु पर्नेछ।